# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ११
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ ६ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री चन्दा चौधरीलाई समय दिनुहुँदा उहाँले लाल आयोगको प्रतिवेदन सरकारले समयमा सार्वजनिक गर्ने प्रतिवद्धता पुरा नगरेकोतर्फ ध्यानाकर्षण गराउनु भएपछि सम्माननीय सभाभुखले उक्त विषयतर्फ सरकारको पुनः ध्यानाकर्षण गराउनु भएपछि राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरुले आ-आफ्नो स्थान ग्रहण गर्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री अतहर कमाल मुसलमान | ६. | मा० श्री एकवाल मियाँ |
| २. | मा० श्री अनिल कुमार झा | ७. | मा० श्री खगराज अधिकारी |
| ३. | मा० डा० अमरेश कुमार सिंह | ८. | मा० श्री गजेन्द्र बहादुर महत |
| ४. | मा० श्री आशा कुमारी वि.क. | ९. | मा० श्री घनश्याम खतिवडा |
| ५. | मा० श्री उमेश श्रेष्ठ | १०. | मा० श्री जीप छिरिङ लामा |

तदुपरान्त अर्थ समितिका मा० सभापति श्री कृष्ण प्रसाद दाहालले “अर्थ समितिद्वारा २०७६ वैशाख महिनामा सात प्रदेशमा आयोजित आ.व. २०७६/७७ को पूर्व बजेट छलफल कार्यक्रम सम्बन्धी प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तत्पश्चात कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले “कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको वार्षिक प्रतिवेदन २०७५/०७६” पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “महालेखा परीक्षकको छपन्नौं वार्षिक प्रतिवेदन, २०७५”, “नेपाल सरकारको आर्थिक वर्ष २०७४/०७५ को सुशासन प्रतिवेदन” र “राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धि सहितको आर्थिक वर्ष २०७४/०७५ को नेपाल सरकारको वार्षिक प्रतिवेदन” पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात “राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५” लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५” पेश गर्नुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले “प्रहरी समायोजन विधेयक, २०७५” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम “प्रहरी समायोजन विधेयक, २०७५” माथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० गृह मन्त्री श्री रामबहादुर थापाले “प्रहरी समायोजन विधेयक, २०७५” पेश गर्नुभयो ।

तत्पश्चात मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले “औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५" माथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "औद्योगिक व्यवसाय विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विधेयक प्रस्तुतकर्ता मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "औद्योगिक व्यवसाय विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मातृकाप्रसाद यादवले "औद्योगिक व्यवसाय विधेयक, २०७५" पेश गर्नुभयो ।

तत्पश्चात मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले "वन विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम "वन विधेयक, २०७५" माथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले "वन विधेयक, २०७५" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "वातावरण संरक्षण विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात "वातावरण संरक्षण विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले "वातावरण संरक्षण विधेयक, २०७५" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवाल र मा० श्री एकवाल मियाँबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक मा० श्री प्रेम सुवाल र मा० श्री एकवाल मियाँले विरोध गर्नुपर्नाको कारण सहित आ-आफ्नो संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विधेयक प्रस्तुतकर्ता मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवाल र मा० श्री एकवाल मियाँले आ-आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनाहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचनाहरु बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५" पेश गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल जेठ ७ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको १:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव